# दार्जीलिङ सरकारी महाविद्यालयमा जैविक खेतीसम्बन्धी कार्यशाला

**दार्जिलिङ, १५ दिसम्बर (निसं)**: दार्जीलिङ सरकारी महाविद्यालयमा जैविक खेती सम्बन्धी एक महत्त्वपूर्ण कार्यशालाको आयोजना गरियो। उक्त कार्यशाला 'उन्नत भारत अभियान' अन्तर्गत सञ्चालन गरिएको हो। कार्यशालामा दार्जीलिङका विभिन्न क्षेत्रबाट आएका किसानहरूको उल्लेखनीय सहभागिता रहेको थियो साथै दार्जीलिङ सरकारी महाविद्यालयको स्नातकोत्तर वनस्पति विज्ञान विभागका विद्यार्थीहरूले पनि सक्रिय रूपमा सहभागिता जनाएका थिए। कार्यशालाको नेतृत्व कलकत्ता विश्वविद्यालयको वनस्पति विज्ञान विभागका प्राध्यापक कृष्णेन्दु आचार्यले गरेका थिए। कार्यक्रममा सहभागीहरूलाई न्यूनतम खर्चमा जैविक मल तयार गर्ने विधिबारे व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो। कार्यशालापछि सहभागी किसानहरू आ-आफ्नो क्षेत्रमा यस किसिमको जैविक प्रविधि प्रयोगात्मक रूपमा लागू गर्न उत्साहित देखिएका छन्। आफ्नो क्षेत्रमा यस किसिमको जैविक प्रविधि प्रयोगात्मक रूपमा लागू गर्न उत्साहित देखिएका छन्।

## रानीपुल सिक्किमद्वारा प्री-क्रिसमस

**पेशोक, १५ दिसम्बर (रिमोता)**: ईसाई समुदायको विशेष पर्व मानिएको बड़ादिनले सबैमा उत्साह जगाउँदै आएको भान प्रत्येक वर्षको दिसम्बर महीनामा हुने गर्दछ। यस्तै आभासहरु ईसाई समुदायद्वारा गरिने वा खेलिने क्यारोलले पनि बड़ा दिन वा क्रिसमस नजिकिएको स-सानादेखि वृद्ध-वृद्धाहरुले भन्ने गर्दछन्। यस्तै संकेत लामाहट्टा क्षेत्रमा